# लोक सेवा आयोग

अप्राविधिक तर्फका परराष्ट्र, प्रशासन, लेखापरीक्षण र व्यवस्थापिका संसद सेवा, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा

२०६६/०५/२१

समय :- ३ घण्टा | पूर्णाङ्क :- १००

पत्र :- द्वितीय

विषय:- शासन प्रणाली (Governance Systems)

**निम्न प्रश्नहरुको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

## Section -A

1. नागरिक समाज भन्नाले के बुझिन्छ? नागरिक समाजको शासनको सकारात्मक र नकारात्मक पक्षबारे विवेचना गर्नुहोस् । (10)
   What do you mean by Civil Society? Discuss on the pros and cons of the governance of the Civil Society.

2. शासनको अवधारणात्मक पक्षमाथि चर्चा गर्नुहोस् । साथै शासनका आधारभूत पक्षहरुलाई दृष्टिगत गर्दै नेपालको मौजुदा शासन प्रणाली माथि विश्लेषणात्मक टिप्पणी गर्नुहोस् । (4+6=10)
   Discuss on conceptual aspect of governance. Analytically comment on existing governance system of Nepal considering the fundamental aspects of the governance.

3. "सूचनाको हकले पारदर्शिता प्रवर्द्धन गर्दछ भने पारदर्शिताले राज्य व्यवस्थालाई बलियो बनाउँछ" भन्ने भनाईलाई पुष्टि गर्नुहोस् । (10)
   Justify the statement that "Right to information promotes transparency and transparency makes political system strong".

## Section-B

4. नागरिक चेतना भन्नाले के बुझिन्छ? नेपालको संविधानले नागरिकको कर्तव्य र जिम्मेवारीबारे के कसरी उल्लेख गरेको छ? चर्चा गर्नुहोस् । (5+5=10)
   What do you understand by civic sense? What are the duties and responsibilities of a citizen as envisaged by the constitution of Nepal? Chart out your thoughts.

5. वर्तमान नेपालको संविधानका विशेषताहरुको व्याख्या गर्नुहोस् र विगतका संविधानहरु भन्दा यस संविधानमा रहेका मुख्य-मुख्य भिन्नताहरु औंल्याउनुहोस् । (5+5=10)
   Explain the salient features of present constitution of Nepal and also mention the major differences as compared to the previous constitutions.

## Section-C

6. म्याक्स वेबरले वर्णन गरेका कर्मचारीतन्त्रका विशेषताहरु उल्लेख गर्दै आधुनिक सार्वजनिक व्यवस्थापनमा यसको सान्दर्भिकताबारे लेखाजोखा गर्नुहोस् । (5+5=10)
   Mentioning the special features of the bureaucracy as stated by Max Weber, assess its relevance in the recent day in public sector management.

7. के राजनीतिक तटस्थता र प्रतिबद्धता परस्परविरोधी धारणा हुन्? सार्वजनिक सेवालाई कसरी एकैपटक राजनीतिक रुपमा तटस्थ र प्रतिबद्ध बनाउन सकिएला? तर्कपूर्ण ढंगले आफ्नो धारणा दिनुहोस् । (10)
   Are political neutrality and commitment a mutually contradictory concept? How could we make public service politically neutral and committed as well at the same time? Give your opinion logically.

8. नीति निर्माण भनेको के हो? प्रभावकारी नीति निर्माणका लागि ध्यान दिनुपर्ने विषयहरु के-के हुन् ? संक्षेपमा वर्णन गर्नुहोस् । (10)
   What is policy making? What are the considerations for making an effective policy? Explain briefly.

## Section-D

9. नेपालमा विद्यमान योजना अभ्यासका सबल तथा दुर्बल पक्षहरूको पहिचान गर्दै मुलुकको योजना प्रणालीलाई सुदृढ तुल्याउन कार्यान्वयनयोग्य सुझावहरू प्रस्तुत गर्नुहोस् । (5+5=10)
Identifying the strengths and weaknesses of the prevailing planning practices in Nepal, suggest the implementable measures to strengthen the Nepalese planning system.

10. सहभागितामूलक योजना प्रणालीका आधारभूत मान्यताहरू उल्लेख गर्दै नेपालको विकास योजनामा यसको प्रयोग, सफलता र चुनौतीहरूलाई समीक्षात्मक टिप्पणी लेख्नुहोस् । (10)
Mentioning the basic tenets of participatory planning system, make a critical review of its application in Nepal's development planning along with its successes and challenges.

~ The End ~

# लोक सेवा आयोग

अप्राविधिक तर्फका परराष्ट्र, प्रशासन, लेखापरीक्षण, व्यवस्थापिका संसद सेवा, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा

२०६८।०६।१२

समय :- ३ घण्टा पूर्णाङ्क :- १००

पत्र :- तृतीय

विषय :- समसामयिक विषय (Contemporary Issues)

**निम्न प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

## Section -A

1. नेपालका पहाडी ग्रामीण बस्तीहरूबाट तीव्र रूपमा सहरहरूको बसाइँ-सराइले पार्ने बहुआयामिक प्रभावहरू के-के हुन्? यसबाट पर्ने नकारात्मक प्रभावहरूको न्यूनीकरणका उपायहरू समेत चर्चा गर्नुहोस् । (5+5=10)
   What are the multi-dimensional impacts of the migration in Nepal from hilly region? Suggest the remedies to minimize the negative impacts laid by the migration.
2. संगठित अपराध भन्नाले के बुझिन्छ? नेपालमा संगठित अपराधहरूको नियन्त्रणका लागि भएका प्रयासहरू छोटकरीमा चर्चा गर्नुहोस् । (3+7=10)
   What do you mean by organized crime? Describe in brief the efforts to control the organized crimes in Nepal.
3. सामाजिक न्यायको अवधारणा र यसका सिद्धान्तहरू उल्लेख गर्नुहोस् । सामाजिक न्यायका सम्बन्धमा नेपालको संविधानले गरेको मौजुदा व्यवस्था व्यवहारमा किन कार्यान्वयन हुन नसकेको होला? आफ्नो धारणा लेख्नुहोस् । (5+5=10)
   Mention the concept and principles of social justice. Why the constitutional provision of social justice has not been implemented in practice? Give your opinion.

## Section-B

4. श्रम उदारीकरण भन्नाले के बुझिन्छ? नेपालले श्रम उदारीकरणका क्षेत्रमा के कस्ता कदम चालेको छ? उल्लेख गर्नुहोस् । (3+7=10)
   What is meant by labour liberalization? Mention the steps taken by Nepal in the field of labour liberalization.
5. नेपालको समष्टिगत आर्थिक विकासमा पर्यटन क्षेत्रको योगदानबारे चर्चा गर्नुहोस् । पर्यटन क्षेत्रलाई अन्तर्राष्ट्रियस्तरको मापदण्डमा पुर्‍याउन कुन-कुन क्षेत्रमा ध्यान दिनु पर्दछ ? उल्लेख गर्नुहोस् । (10)
   Describe the contribution made by the tourism sector for the overall economical development in Nepal. What are the areas to be considered to maintain the tourism sectors standard upto the international level? write down.

## Section-C

6. नेपालमा प्राकृतिक स्रोतहरूको संरक्षण र उपयोग प्रभावकारीरूपमा हुन नसकेका कारणहरू पहिचान गरी समाधानका उपायहरू समेत उल्लेख गर्नुहोस् । (5+5=10)
   Identify the reasons behind the ineffective protection and use of the natural resources in Nepal. Also mention the measures for their remedy.
7. अतिकम विकसित राष्ट्रहरूको विकास प्रक्रियामा विश्वव्यापीकरणका अवसर र चुनौतीहरू के कस्ता रहेका छन्? यी चुनौतीहरूको सामना कसरी गर्न सकिन्छ? उल्लेख गर्नुहोस् (10)
   What are the opportunity and challenges of the globalization in relation to least developed countries development process? How the challenges can be mitigated? Describe.
8. स्थानीय स्वायत्त शासनका आधारभूत मान्यताहरू लेख्नुहोस् । संघीयता र स्थानीय स्वायत्त शासन बीचको भिन्नता देखाउनुहोस् । (4+6=10)
   Write the basic tenets of local self governance. Also show the difference between federalism and local self governance.

Contd……

## Section-D

9. वन विनाशका कारण र असर पहिचान गर्दै तिनको नियन्त्रण गर्ने प्रभावकारी उपायहरू प्रस्तुत गर्नुहोस् । (10)
Identify the causes and consequences of deforestation and also point out effective measures for their control.

10. वातावरणीय ह्रास भन्नाले के बुझ्नुहुन्छ? वातावरणीय ह्रासको कारक तत्वहरू निवारणको लागि दीर्घकालिन रूपमा अवलम्बन गर्नुपर्ने उपायहरू के-के हुन्? चर्चा गर्नुहोस् । (10)
What do you mean by environmental degradation? What are the long-term measures to be taken to mitigate the environment degradation?

~ The End ~

# लोक सेवा आयोग

अप्राविधिक तर्फका प्रशासन, लेखापरीक्षण, व्यवस्थापिका संसद सेवा, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा

2066/09/23

समय :- ३ घण्टा

पूर्णाङ्क :- १००

पत्र :- चतुर्थ

विषय:- सेवा समूह सम्बन्धी (Service related subject)

| निम्न प्रश्नहरुको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

## Section -A

1. निर्णय प्रक्रियालाई परिभाषित गर्नुहोस् । साथै निर्णयकर्ताको निर्णय क्षमतालाई प्रभावित तुल्याउने विभिन्न तत्वहरूको बारेमा चर्चा गर्दै विवेकपूर्ण निर्णय गर्दा ध्यान पुऱ्याउनु पर्ने विषयहरू उल्लेख गर्नुहोस् । (2+4+4=10)
Define decision making process. Describe about different factors affecting the decision making capacity of a decision maker. And also mention the appropriate matters to be focused in rational decision making.

2. नेपालको निजामती प्रशासनमा विद्यमान बढुवा प्रणालीका सकारात्मक र नकारात्मक पक्षको विवेचना गर्दै बढुवा प्रणालीलाई वस्तुनिष्ठ र पूर्वानुमान योग्य बनाउन कार्यान्वयनयोग्य सुझाव प्रस्तुत गर्नुहोस् । (10)
Critically analyse the positive and negative aspects of current promotion system practiced in Nepali Civil Service and mention implementable suggestions to make it objective and predictable.

3. सूचना प्रविधिमा आधारित स्वचालित प्रशासनतन्त्रको स्थापना गर्न के गर्नुपर्ला? नेपालमा सूचना प्रविधिको प्रयोग के कसरी गर्दा सार्वजनिक सेवा प्रवाहमा उत्कृष्ट नतिजा हासिल गर्न सकिन्छ? सुझाव दिनुहोस् । (5+5=10)
What types of measures need to be taken to establish an automated administrative mechanism based on information technology? How can we ensure best results in public service delivery in Nepal with the use of information technology? Suggest.

## Section-B

4. अन्तर सरकारी वित्तीय हस्तान्तरणको सन्दर्भमा ठाडो वित्तीय अन्तर र समतलीय वित्तीय अन्तरको संक्षेप व्याख्या गर्नुहोस् । यी दुई अन्तरले वित्तीय हस्तान्तरणलाई कसरी निर्देशित गर्दछन्? चर्चा गर्नुहोस् । (10)
Briefly explain on vertical fiscal gap and horizontal fiscal gap in the context of inter-governmental fiscal transfer. Also discuss, how these gaps direct to the intergovernmental fiscal transfer?

5. बजेट चक्र भन्नाले के बुझ्नुहुन्छ? "बजेट प्रणाली आर्थिक अनुशासनको महत्वपूर्ण आधार हो" भन्ने भनाइलाई पुष्टि गर्ने तर्कहरू प्रस्तुत गर्दै नेपालको सार्वजनिक प्रशासनमा बजेट कार्यान्वयनमा देखापर्ने मुख्य-मुख्य समस्याहरू उल्लेख गर्नुहोस् । (2+4+4=10)
What do you mean by budget cycle? Justify with your logics the statement "Budgeting system is the significant foundation for financial discipline". Also highlight the major problems associated with the budget execution in public administration in Nepal.

## Section-C

6. नेपालको सार्वजनिक खरिद व्यवस्थामा देखिएका कमिकमजोरीहरू औंल्याई सुधारका ठोस उपायहरू प्रस्तुत गर्नुहोस् । (5+5=10)

Spell out the weaknesses in the public procurement system in Nepal and suggest corrective measures to be adopted for their improvements.

7. सरकारी आर्थिक कारोबारको प्रतिवेदन प्रणालीबारे संक्षेपमा समीक्षा गर्नुहोस् । यसलाई प्रभावकारी बनाउन के गर्नुपर्ला? सुझाव दिनुहोस् । (5+5=10)

Review the existing financial reporting system of the government. Give your suggestions to make more effective the financial reporting system.

8. महालेखा परीक्षकको नियुक्ति, काम, कर्तव्य र अधिकारबारे उल्लेख गर्नुहोस् । साथै महालेखा परीक्षकले औचित्यको आधारमा परीक्षण गर्ने विषयबारे संक्षेपमा वर्णन गर्नुहोस् । (5+5=10)

Explain the appointment procedure, functions, duties and power of auditor general and also briefly elaborate the matters of propriety audit.

## Section-D

9. संसदमा विधेयक पेश हुने र पारित गर्ने प्रक्रियाबारे उल्लेख गर्नुहोस् । (5+5=10)

Discuss the process of submission and approval of Bill in the Parliament.

10. संसदीय समितिहरू किन बनाइन्छ? मुलुकमा सुशासन प्रवर्द्धन गर्न संसदीय समितिले खेल्ने भूमिका माथि चर्चा गर्नुहोस् । (4+6=10)

Why the parliamentary committees are formed? Discuss the role of parliamentary committee to promote the good governance in the country.

~ The End ~